बैठक संख्या- १ 	२०६९।०४।०६
विहान- ८:बजे

उपस्थिति

श्री भोजराज खतिवडा- कार्यकारी अधिकृत धरान न.पा.

आज मिति २०६९।०४।०६ गते धरान नगरपालिका कार्य संचालन समितिको बैठक बसी तपसिलको निर्णय गरियो

निर्णय नं.१

यस धरान नगरपालिका र श्री वार्ड विकास तथा बजार सुधार समिति धरान- ८ सुनसरी बीच मिति २०६३।०३।८ गतेमा शहरी वातावरणको लागि सार्वजनिक नीजि साझेदारी कार्यक्रम समेतको सहयोगमा वडा नं ८ मा नै शहरी सेवा केन्द्र विकास सञ्चालन तथा हस्तान्तरणको अवधारणा बमोजिम कार्य गर्ने गरी सम्झौता गरिएकोमा सो सम्झौता बमोजिम विकास निर्माण गरिएको शहरी सेवा केन्द्र सञ्चालनमा सो संस्थामा आन्तरीक विवाद उत्पन्न भएकोले सो विवाद समाधानकालागि पटक पटक प्रयास गरिएता पनि समाधानका लागि सफल हुन नसकेको र सो सम्बन्धमा समितिलाई विवाद समाधान ~~गरा~~ गरी कार्यालयलाई जानकारी गराउन अनुरोध गरिएकोमा वडा विकास तथा बजार सुधार समितिबाट मिति २०६९।४।४ मा यस कार्यालयलाई प्राप्त पत्रमा विवाद समाधान हुन नसकेको भन्ने जानकारी भएकोले समितिले दिएका विकल्प २ तथा यस कार्यालयको सार्वजनिक नीजि साझेदारी प्रवर्द्धन समितिको मिति २०६९।३।२१ को निर्णय अनुसार मिति २०६९।४।८ गते देखि लागू हुने गरी उक्त शहरी ~~केन्द्र~~ सेवा केन्द्र, अर्को व्यवस्था नभए सम्मकालागि तत्काललाई यस न.पा.ले संचालन गर्ने गरी समिति संग ~~८~~ गरेको सम्झौता बदर गर्ने निर्णय गरियो। साथै उक्त सेवा केन्द्र विकास निर्माणका क्रममा समितिले व्यहोनु पर्ने लागत सहभागिताको रकम भन्ने लगानीलाई दामासाहीको संचालन अवधि कट्टा गरी २०६९।०४।०६ सम्मको हिसाव किताव फर्छ्यौट गरी बाँकी अवधिको रकम समितिलाई भुक्तानी गर्ने जिम्मेवारी यस कार्यालयले लिने निर्णय गरियो।

निर्णय नं. २

एकिकृत शहरी विकास आयोजनाका लागि धरान नगरपालिका ~~तथा~~ कार्यालय तथा एकिकृत ग्रामीण विकास केन्द्र (IRDC) बीच भएको सम्झौता अनुसार सामुदायिक विकास कार्यक्रम अन्तर्गत विनियोजन भएको रकमलाई समानुपातिक रुपमा २०१८ जुन सम्म कार्य गर्ने तयार गरिएको सामुदायिक विकास कार्यक्रम स्वीकृत गरी अगाडी बढाउने निर्णय गरियो ।

आजको बैठक विहान १०: बजे समापन गरियो ।

माइन्युटकर्ता - भक्तिराज शर्मा -